आर्थिक वर्ष २०८१/८२ को

बजेट वक्तव्य

उपाध्यक्ष श्री विपना कुलुङज्यूद्वारा प्रस्तुत बजेट वक्तव्य

महाकुलुङ गाउँपालिका

बुङ, सोलुखुम्बु ।

महाकुलुङ गाँउपालिकाको गाउँसभा २०८१ साल असाढ १० गते उपाध्यक्ष श्री विपना कुलुङ ज्युले प्रस्तत गर्नुभएको बजेट बक्तव्य

आर्थिक वर्ष २०८१/०८२ को

बजेट बक्तव्य

महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल ।

**यस सभाका सभाध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरु,**
**राष्ट्रसेवक कर्ममचारीहरु,**
**सुरक्षाकर्मी तथा संचारकर्मीहरु।**

१. नेपालको संविधानको धारा २३० बमोजिम महाकुलुङ गाउँपालिकाको आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउँ सभामा पेश गर्ने व्यवस्था भए बमोजिम यस महाकुलुङ गाउँपालिकाको उपाध्यक्षको हैसियतले चौधौं गाउँसभामा आगमी आर्थिक वर्ष २०८१।८२ को लागि वजेट प्रस्तुत गरिरहँदा गौरवको महसुस गरेको छु। यस महत्वपुर्ण अवसरमा मुलुकलाई संघिय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण महान शहिदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत आदरणिय व्यक्तित्वहरुमा भावपर्ण श्रदान्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वधिनताको रक्षा गर्दै न्यायपुर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेको यस महाकुलुङ बासी जनता र राजनीतिक तेतृत्व प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु।

२. कोशी प्रदेशमा अवस्थित यस महाकुलुङ गाउँपालिका अपार प्राकृतिक स्रोत र प्राकृतिक मनोरम, कृषि तथा पशुजन्य विकास, पर्यटनको विकासमा अद्धितिय सम्भावना रहेको गाउँपालिका हो । सोही अनुरुप महाकुलुङका जनताको जीवस्तर वृद्धि र यस गाउँपालिका अन्तर्गत रहेका श्रोत साधनको अधिकतम तथा दिगो परिचालन तथा उपलब्ध अन्य अवसर र सम्भावनाहरुको उपयोग गरी पुर्वाधार विकासका साथसाथै आर्थिक सामाजिक विकासको निम्ति आधारशिला तयार भएको छ। चालु आर्थिक वर्षको महाकुलुङ गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, विकास र समृद्धिको आधारशिला निर्माण तथा महाकुलुङ वासीको जीवन स्तरमा त्यसको सकरात्मक प्रतिफल देखिन थालेको छ। स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गरी गरिवी, विपन्नता, निरक्षरता र पछौटेपनको अन्त्य गर्न गाउँपालिका प्रतिवद्ध रहेको छ। महाकुलुङ गाउँपालिका अन्तर्गत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहुँच र सामाजिक सुरक्षाको प्रत्याभुति सुनिश्चित हुँदै गएको छ।

३. निजी, सहकारी, अर्ध सरकारी संघसंस्थाहरुलाई गाउँपालिकाले विकासको मेरुदण्डको रुपमा स्वीकार गरी लगानी मैत्री वातावरण र संरचना निर्माणमा ध्यान केन्द्रित भएको छ।

४. नेपालको केन्द्रीकृत शासन व्यवस्थालाई संघिय शासन व्यवस्थामा रुपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरु सबैलाई विदितै छ। सोहि शिलशिलामा

केन्द्रमा रहेका अधिकार स्थानीय सरकारहरुमा हस्तान्तरण भईरहेको विद्यामान अवस्था छ। स्थानीय सरकारहरुको गठन पश्चात प्रत्येक वर्ष अषाढ महिनाको १० गते भित्र स्थानीय सरकारहरुले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमहरु आ-आफ्नो सभामा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।

५. महाकुलुङ गाउँपालिकाको आगमी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन,२०७४, संघ र प्रदेशको बजेट सीमा, महाकुलुङ गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट निर्धारण समिति, दिगो विकासको लक्ष्य आदिलाई आधारको रुपमा लिएको छु । साथै स्थानीय सामाजिक संघ, संस्था, बुद्धिजिवि, राजनीतिकर्मी, भद्रभलादमी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिएको छु।

६. आगामी आर्थिक वर्षका लागि वस्तीस्तरबाट योजना तथा कार्यक्रमहरु तयार भई वडा समितिहरुले ती योजना तथा कार्यक्रमहरुलाई विषयगत समितिको बैठकमा समेत छलफल भई प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ। सो कार्यपुर्व गाउँपालिकाले संघ तथा प्रदेश सरकारबाट यस गाउँपालिकाको लागि समानीकरण अनुदान, सर्सत अनुदान, विशेष अनुदान, समपुरक अनुदान, राजश्व बाँडफाँड र आन्तरिक आम्दानी मार्फत आगामी आर्थिक बर्षको लागि सिलिङ उपलब्ध गराइएको थियो। उपाध्यक्षको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरु सहित आगामी आर्थिक वर्षको लागि आन्तरिक आयको प्रक्षेपण भएको छ। श्रोत अनुमान समितिको आन्तरिक प्रक्षेपण तथा संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कुल सिलिङ निर्धारण गरेको छ। गाउँ कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरु तथा विषयगत क्षेत्र समूहहरुको गठन गरिएको छ। वडा स्तरबाट प्राथमिकिरण गरि आएका योजना तथा कार्यक्रहरुलाइ कार्यपालिका अन्तर्गत विभिन्न समितिहरु तथा समूहहरुमा छलफल गरी प्राप्त सुझावहरुलाई समेत समेटी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आर्थिक वर्षको लागि वजेट तर्जुमा गरी कार्यपालिकाको बैंठकबाट पारित भई छलफलका लागि आजको यस गरिमामय सभामा पेश गरिएको छ।

७. अब म महाकुलुङ गाउँपालिकाको आर्थिक स्थितिको सामान्य जानकारी गराउन चाहन्छु ।

- गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि महाकुलङ आधारभूत अस्पताल भवन निर्माण सम्पन्न भएकोछ। सम्पन्न भएको भवनबाट दक्ष जनशक्ति तथा सम्पुर्ण उपकरणहरुको व्यवस्था गरी विशेषज्ञ सेवा सूचारु गरिनेछ।

- गाउँपालिकामा आधुनिक कृषि प्रणालीको सुरुवात भएको छ । विभिन्न वडामा कृषि क्षेत्रलाई सहयोग गर्ने तालिम तथा अनुदानका कार्यक्रम संचालन पश्चात यसले कृषकको आयस्तर वृद्धि गर्नमा सहयोग पुगेको छ ।
- गाउँपालिका केन्द्र, वडा केन्द्र लगायतका बजार व्यवस्थित हुदै गएको छ । सडक संजालको कारण उत्पादित वस्तु बजारसम्म ल्याउन लैजान सहज हुदै गएको छ ।
- राजश्व परिचालन लक्ष्य नजिक पुगेको देखिएता पनि अपेक्षित रुपमा आम्दानी गर्न सकेको छैन । त्यसैले राजश्व प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने रणनीति गाउँपालिकाले लिनु पर्ने देखिन्छ । चालु आर्थिक बर्ष सम्म गाउँपालिकाले दहत्तर बहत्तर कर नउठाएको तर गाउँवस्तीका खोला नालाको ढुंगा, गिट्टी उत्खनन तथा प्रशोधन भईरहेको साथै जलविद्युत कम्पनीहरुले हालसम्म कर नबुझाएकाले यसलाई नियमन गरि करको दायरामा ल्याउनुपर्ने देखिन्छ ।
- विपन्न र लक्षित वर्ग उन्मुख कार्यक्रम संचालन गरिएकाले जनतामा आर्थिक सन्तुलन हुँदै गएको देखिन्छ ।
- महाकुलुङ गाउँपालिकाको चालु आर्थिक बर्षमा गाउँपालिकाको वडा नं २,३,४ र ५ को वडा भवन निर्माण कार्य सम्पन्न भएको छ भने वडा नं १ को भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको अवस्था छ। आगामी आर्थिक बर्षबाट सबै वडाहरुको सेवा प्रवाह आफ्नै प्रशासनिक भवनबाट सूचारु गरिनेछ भने गाउँपालिका प्रशासनिक भवनको निर्माण कार्य सुरु गरिनेछ ।

८. आगामी आर्थिक वर्षको वर्षको बजेट तथा कार्यक्रम तयार पर्दा निम्नानुसारका कानुन/नीति तथा दस्तावेजहरुको सहयोग लिइएको छु।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन,२०७४
- दिगो विकास लक्ष्य
- नेपाल सरकार कोशी प्रदेश र महाकुलुङ गाउँपालिकाको आवधिक योजना
- गाउँपालिकाको मध्यमकालीन खर्च संरचना
- आन्तरिक आयको अवस्था र उपलब्ध श्रोत साधन
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- संघीय सरकार र प्रदेश सरकारको निर्देशन तथा परिपत्रहरु
- राजश्व परामर्श समितिको प्रतिवेदन आदि ।

९. अब म आगमी आर्थिक बर्ष २०८१।०८२ को बजेटको उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु । बजेटका उदेश्य र प्राथमिकता निम्न अनुसार छन् ।

- यस गाउँपालिका भित्र नागरिकको जीवनस्तर उठाउने ।
- कृषि र पशुपालनको उत्पादन गुणस्तर वृद्धि गरी आयात प्रतिस्थान गर्दै निर्यात बढाउने ।
- पर्यटन क्षेत्रलाई विकास र विस्तार गरि समग्र गाउँपालिका नै पर्यटकिय गन्तव्यको रुपमा विकास गर्ने ।
- उपलब्ध श्रोत साधनको न्यायोचित वितरण र विकासमा समान सहभागिता गराइने
- स्वास्थ्य र शैक्षिक गुणस्तर वृद्धि गर्ने
- सामाजिक बेमेल र आर्थिक विषमतालाई अन्त्य गर्ने
- सामाजिक कलह, झगडा र विपत्तिहरुलाई अन्त्य गर्ने
- युवा स्वरोजगार कार्यक्रमलाई बढवा दिने
- जनतामा मौलिक हकको प्रत्याभूति दिलाउने
- सेवा प्रवाहको गुणस्तर वृद्धि गरि प्रक्रियागत झन्झडलाई अन्त्य गर्ने
- खाद्य सुरक्षाको प्रत्याभूति गर्ने

**सभाध्यक्ष महोदय,**

१०. अव म यस गरिमायम सभामा आगामी आर्थिक वर्ष २०८१।८२ को लागि अनुमानित आय व्यय पेश गर्ने अनुमाति चाहन्छु। आगामी आर्थिक वर्षको अनुमानित कुल बजेट रु ३४ करोड १२ लाख ७७ हजार ५ सय कायम हुने अनुमान छ। जस मध्ये नेपाल सरकारको वित्तीय समानिकरण अनुदान तर्फ ९ करोड २२ लाख, नेपाल सरकार सर्सत अनुदान तर्फ ११ करोड ६७ लाख ३८ हजार ५ सय, संघीय विशेष अनुदान ५० लाख, संघिय राजश्व बाँडफाँड ९ करोड, प्रदेश सरकार समानिकरण अनुदान ५६ लाख २८ हजार, प्रदेश राजश्व बाँडफाड ५३ लाख २० हजार, प्रदेश समपुरक अनुदान १ करोड, प्रदेश सरकार सर्सत अनुदान १ करोड ९ लाख ७१ हजार, आन्तरिक राजश्व २७ लाख २० हजार, घरजग्गा रजिष्ट्रेशन २ लाख र आन्तरिक स्रोत जिल्ला समन्वय समिति २५ लाख हुने अनुमान गरिएको छ।

**सभाध्यक्ष महोदय,**

११. कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उदेश्य, समय सीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, श्रोत अनुमान तथा बजेट सीमा

निर्धारण समितिको प्रतिवेदन, राजश्व परामर्श समितिको प्रतिवेदन, वडागत योजना प्राथमिकिकरण जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ ।

**सभाध्यक्ष महोदय,**

अव म गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु, वडा कार्यालय,क्षेत्रगत कार्यक्रम तथा विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु।

क. संघिय सरकार सर्सत अनुदान कार्यक्रम रु ११ करोड ६७ लाख ३८ हजार ५ सय
ख. प्रदेश सरकार सर्सत अनुदान रु १ करोड ९ लाख ७१ हजार
ग. प्रदेश समपुरक अनुदान रु १ करोड
घ. संघीय विशेष अनुदान ५० लाख
ङ. संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त सर्शत र समपुरक तर्फको कार्यक्रम कार्यक्रम कार्यान्वयन पुस्तिका र विनियोजित शिर्षकमा नै खर्च गरिनेछ।
च. महाकुलुङ गाउँपालिका वडा नं १ जम्मा विनियोजित रु ३५ लाख
छ. महाकुलुङ गाउँपालिका वडा नं २ जम्मा विनियोजित रु ३५ लाख
ज. महाकुलुङ गाउँपालिका वडा नं ३ जम्मा विनियोजित रु ३५ लाख
झ. महाकुलुङ गाउँपालिका वडा नं ४ जम्मा विनियोजित रु ३५ लाख
ञ. महाकुलुङ गाउँपालिका वडा नं ५ जम्मा विनियोजित रु ३५ लाख
ट. महाकुलुङ गाउँपालिका स्वास्थ्य शाखा जम्मा विनियोजन रु १ करोड ९० लाख ६० हजार
ठ. महाकुलुङ गाउँपालिका शिक्षा शाखा जम्मा विनियोजन रु १ करोड ८३ लाख ८३ हजार
ड. महाकुलुङ गाउँपालिका कृषि शाखा जम्मा विनियोजन रु ३९ लाख
ढ. महाकुलुङ गाउँपालिका पशुसेवा शाखा जम्मा विनियोजन रु २८ लाख ५० हजार
ण. महाकुलुङ गाउँपालिका महिला विकास विकास शाखा रु १३ लाख ७१
त. महाकुलुङ गाउँपालिका न्यायिक समिति रु ७ लाख
थ. महाकुलुङ गाउँकार्यपालिकाको कार्यालय रु ६ करोड १ लाख २५ हजार
द. महाकुलुङ गाउँपालिका रु ७ करोड ४६ लाख ७९ हजार

**सभाध्यक्ष महोदय,**

चालु आर्थिक बर्ष २०८१।०८२ को गाउँपालिकाको (सशर्त,समपुरक र विशेष अनुदान बाहेक) कुल बजेट विनियोजन रु १९ करोड ८५ लाख ६८ हजार मध्ये चालु तर्फ ११ करोड ३५ लाख ६४ हजार अर्थात विनियोजन बजेटको ५७.१९ प्रतिशत र पुंजीगत तर्फ ८ करोड ५० लाख ४ हजार अर्थात विनियोजन बजेटको ४२.८१ प्रतिशत विनियोजन गरको छु ।उल्लेखित बजेट सिलिङ

बाट तयार गरिएको योजना तथा कार्यक्रमको विस्तृत विवरण अनुसुचीमा प्रस्तुत गरिएको छ । जसमा अनुसुची १ मा गाउँपालिकाको योजना तथा कार्यक्रम, अनुसूची २ मा वडा कार्यालयहरुको योजना तथा कार्यक्रम, अनुसूची ३ मा गाउँकार्यपालिकाको कार्यालय र शाखा कार्यालयहरुको योजना तथा कार्यक्रम र अनुसूची ४ मा गैर सरकारी संघ संस्थाहरुको वजेट रहेको छ।

***अव म चालु आर्थिक वर्ष २०८१।८२ को लागि गाउँपालिका तर्फका योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमाति चाहन्छु।***

- महाकुलुङ गाउँपालिकामा संचालित वृद्धाश्रम चालु आर्थिक वर्षबाट महाकुलुङ गाउँपालिकाले पुर्ण स्वामित्व लिइ सकेको हुनाले यस गाउँपालिकामा हेरचाह नपाएको, समस्यामा रहेको वृद्धाहरुको रेखदेख यस गाउँपालिकाले गर्नेछ। उक्त वृद्धाश्रम प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्नको लागि रु ५ लाख वजेट विनियोजन गरेको छु।
- गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि जग्गा छनौट भइ विस्वृत आयोजना प्रतिवेदन स्वीकृत भैसकेकाले प्रशासनिक भवन निर्माण गर्नको लागि रु २ करोड ५० लाख बजेट विनियोजन गरेको छु।
- पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- महाकुलुङ गाउँपालिकाका सवै वडाहरुमा वर्षभरी यातायात संचालन गर्नका लागि महाकुलुङ गाउँपालिकाको भुवा खोलामा मोटरेवल पुल निर्माणको बाँकी कार्य सम्पन्न गर्नका लागि रु १ करोड ७ लाख ३२ हजार वजेट विनियोजन गरेको छु। महाकुलुङ वडा नं ५ मा रहेको बुदुम खोलामा नयाँ पुल निर्माण गर्नका लागि क्रमागतमा १ करोड विनियोजन गरेको छु । त्यस्तै महाकुलुङ १ र ४ जोड्ने हुँगा खोलामा निर्माणाधिन वेलि ब्रिजमा आएको समस्या समाधन गरि आगमी आर्थिक बर्षबाट यातायात संचालन हुने व्यवस्था गरिनेछ।
- महाकुलुङ गाउँपालिका वडा नं २ मा रहेको फुलवती खोलामा मोटरेवल पुल आगमी आर्थिक बर्ष सम्पन्न गर्ने लक्ष्यका साथ प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा निर्माण भैरहेको छ जसका लगि प्रदेश समपुरक अनुदानमा रु ७५ लाख प्राप्त भएकोले सो पुल निर्माणमा यस गाउँपालिकाको तर्फ बाट रु ६८ लाख बजेट विनियोजन गरेको छु।
- महाकुलुङ गाउँपालिकाका सम्पुर्ण वडाहरुको सुविधा सम्पन्न आफ्नै वडा भवन निर्माणका कार्यहरु अन्तिम चरणमा रहेको छ। वडा नं २ को निर्माण सम्पन्न भई आफ्नै भवनबाट सेवा प्रवाह भैरहेको छ । वडा नं ३, ४ र ५ को भवन चालु आर्थिक बर्षमा निर्माण सम्पन्न हुने देखिन्छ भने वडा १ को भवन निर्माण आगमी आर्थिक बर्ष सम्पन्न हुनेछ ।आगामी आर्थिक वर्ष २०८१।८२ बाट ५ वटै वडाले आ आफ्नै वडा कार्यालय भवनबाट सेवा प्रवाह हुनेछ।वडा नं ३ को दायित्व भुक्तानीका लागि रु ३७ लाख ९० हजार विनियोजन

गरेको छु । त्यस्तै वडा नं १ भवन सोलुखुम्बु जि स स र पालिकाको साझेदारीमा निर्माण भैरहेको छ । पालिकाको तर्फबाट रु १३ लाख २२ हजार बजेट विनियोजन गरेको छु।

**कृषि तर्फ**

- टिमुर खेती कार्यक्रमका लागि रु १ लाख र चिया प्रशोधन मेसिन खरिद ५०% अनुदानका लागि ४ लाख बजेट विनियोजन गरेको छु।
- सुपथ मुल्यमा कृषकहरुलाई कृषि सम्बन्धि विउविजन तथा औजार उपलब्ध गराउनको लागि कृषि एग्रोभेट संचालनलाई निरन्तरता दिएको छु । आर्थिक बर्ष २०८१।८२ बाट सो एग्रोभेट व्यवस्थापन तथा संचालनका लागि एकमुष्ट रु ८ लाख बजेट विनियोजन गरेको छु।
- साना कृषि मेसिनरी औजार (५०% अनुदान) वितरण कार्यक्रमका लागि रु १० लाख वजेट विनियोजन गरेको छु।
- किवी बगैचा स्थापना तथा ब्यवस्थापन सहयोग कार्यक्रम (५०% लागत साझेदारी) का लागि रु ५ लाख विनियोजन गरेको छु ।
- कृषक पाठशाला संचालन तथा प्रविधी हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिन रु २ लाख विनियोजन गरेको छु ।
- उत्कृष्ट किसान सम्मान, कृषि वाली संरक्षण तथा रोगकिरा व्यवस्थापन, कृषि तथ्याङ्क संकलन, उत्पादनोपरान्त प्रविधि सम्बन्धि तालिम तथा प्रविधि हस्तान्तरणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**पशुपन्छी तर्फ**

- पशुपन्छिमा देखा पर्ने रोग उपचार गर्नको लागि कृषक हरुलाई निशुल्क औषधी उपलब्ध गराइनेछ। जसका लागि रु १० लाख बजेट विनियोजन गरेको छु।
- रेबिज खोप तथा सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।
- नश्ल सुधारको लागि ५०% अनुदानमा उन्नत जातको गाई ढुवानी तथा वितरण कार्यक्रमका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु।

**शिक्षा तर्फ**

- गाउँपालिकाले शिक्षामा गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरुमा नियुक्ति गरेका पालिका अनुदानका शिक्षक कार्यक्रमलाई निरन्तरता दिएको छु। जसका लागि गाउँपालिका अनुदान शिक्षक तलव भत्ता रु १ करोड २१ लाख ६९ हजार विनियोजन गरेको छु साथै

बाल सहयोगी शिक्षक, कार्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीहरुलाइ दिइदै आएको प्रोत्साहन भत्तालाई समेत निरन्तरता दिएको छु जस्को लागि रु ४२ लाख ६९ हजार विनियोजन गरेको छु।

- राष्ट्रपति रनिङ शिल्ड खेलकुद, आधरभूत तह कक्षा ८ परिक्षा संचालनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

**स्वास्थ्य तर्फः**

- विभिन्न स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको करार सेवालाई निरन्तरता दिएको छु । महाकुलुङ आधरभूत अस्पताल, आधारभुत स्वास्थ्य केन्द्र तथा इकाइमा कार्यरत कर्मचारीहरुको पारिश्रमिकको लागि एकमुष्ट रु १ करोड ५० लाख बजेट विनियोजन गरेको छु।
- डेन्टल सेवा कार्यक्रमलाई निरन्तरता दिएको छ जसको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु।
- महाकुलुङ आधारभुत अस्पतालबाट **CEONC** सहितको विशेषज्ञ सेवा प्रारम्भ गर्न र तिलगंगा आँखा अस्पतालको सहकार्यमा आगमी आर्थिक वर्षबाट नेत्र सहायकको पदपूर्ति गरि आँखा उपचार सेवाको सुरुवात गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- ९८ प्रकारका औषधी निशुल्क उपलब्ध गराउने व्यवस्था मिलाएको छु सो औषधी खरिदका लागि रु १८ लाख बजेट विनियोजन गरेको छु।
- राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वय सेविका कार्यक्रम, आमा सुरक्षा तथा नवजात शिशु व्यवस्थापन कार्यक्रम र महामारी रोग नियन्त्रण कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

**महिला तथा वालवालिका**

- अपाङ्गता रोकथाम सम्बन्धी कार्यक्रम गाउँपालिका, कोशी प्रदेश सरकार र करुणा फाउन्डेशनसँगको साझेदारी कार्यक्रम संचालनका लागि रु ११ लाख ७१ हजार बजेट विनियोजन गरेको छु ।अन्तराष्ट्रिय महिला दिवस मनाउन र लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

**वडा तर्फः**

गाउँपालिकाको योजना निर्माण प्रकृयामा सबै वडाहरुको सहभागिता र अपनत्व भए पनि विकेन्द्रित तथा वडाहरुको उच्च प्राथिमिकतामा परेका योजनाहरु तथा लक्षित कार्यक्रम छनौट गर्न विशेष स्वायत्तता मिलोस भनि प्रत्येक वडा लाई रु ३५ लाखका दरले आयोजना तथा कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाइएको छु । ती योजना तथा कार्यक्रमहरुको लागि कुल रु १ करोड ७५ लाख बजेट विनियोजन गरेको छु। प्रत्येक वडालाई उपलब्ध भएको श्रोत सुनिश्चितताबाट प्राप्त आयोजनालाई हुबहू योजना पुस्तिकामा प्रस्ताव गरेको छु।

**गैर सरकारी संघ संस्था तर्फः**

आर्थिक वर्ष २०८१।८२ का लागि गैरसरकारी संस्थाहरुले यस गाउँपालिकामा संचालन गर्नका लागि पेश गरेको बजेट अन्तर्गत इकोहिमाल नेपाल ५४ लाख ९१ हजार ५ सय ५, हिमालय ट्रष्ट नेपाल ६१ लाख ६८ हजार ८ सय ३७, रीड नेपाल ११ लाख ९२ हजार ७ सय २१, एक्सन फर नेपालको ११ लाख २२ हजार ६ सय ७, खिराउने एजुकेसन एण्ड हेल्थ प्रोजेक्टको ७७ लाख ६९ हजार ९ सय ३० र जी फाउन्डेशनको ९३ लाख ८ हजार स्वीकृतिका लागि यस सभामा पेश गर्दछु।

**सभाध्यक्ष महोदय,**

प्रस्तुत बजेट तर्जुमाको लागि मार्ग निर्देशन गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, गाउँ र वस्तिहरुमा योजना छनौट गर्न सहयोग पुऱ्याउने वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, राजनैतिक दलहरु, नागरिक समाज, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु सबै क्षेका विशिष्टकृत महानुभावहरु एवं राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु।

प्रस्तुत आर्थिक विधेयक तथा विनियोजन विधेयकमा व्यवस्था भएको नीति, कार्यक्रम र बजेटलाई गाउँसभाबाट पारित गरी प्रस्तुत वजेटको सफल कार्यान्वयनमा सकारात्मक सहयोग गर्नुहुन सम्पुर्ण गाउँ सभा सदस्य ज्यूहरुलाई हार्दिक अनुरोध गर्दछु। साथै बजेटको सफल कार्यान्वयनको क्रममा आवश्यक सहयोगको लागि राजनैतिक दलहरु, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु, सबै क्षेत्रका विशिष्टकृत महानुभावहरु एंव राष्ट्रसेवक कर्मचारीहरुमा विशेष अनुरोध गर्दछु । धन्यवाद।

विपना कुलुङ
उपाध्यक्ष
२०८१।०३।१०

## अनुसूची १

महाकुलुङ गाउँपालिकाका योजना तथा कार्यक्रमहरु

| क स | योजना तथा कार्यक्रम | बजेट |
|---|---|---|
| चालु तर्फ | | |
| १ | चाक्चाकुर मेला संचालन तथा व्यवस्थापन कार्यक्रम | ३ लाख |
| २ | खेलकुद विकास | १० लाख |
| ३ | वृद्धश्रम संचालन तथा व्यवस्थापन खर्च | ५ लाख |
| ४ | कर्मचारी क्षमता विकास | १ लाख |
| ५ | सार्वजनिक सुनुवाई कार्यक्रम | १ लाख |
| ६ | राहत तथा पुनस्थापना | १ लाख |
| ७ | भैपरी आउने चालु | ३ लाख ८५ हजार |
| ***जम्मा चालु*** | | ***२४ लाख ८५ हजार*** |
| पूँजीगत तर्फ | | |
| १ | पर्यटन गुरुयोजना निर्माण | १० लाख |
| २ | किरात सुद्धिम भवन निर्माण क्रमागत वडा नं. ४ | २५ लाख |
| ३ | पोम्लालुङ वृत्तचित्र निर्माण | ३ लाख ५० हजार |
| ४ | महिला समूहका लागि साबुन बनाउने मेशिन अनुदान वडा नं. ५ | १५ लाख |
| ५ | भुवाखोला पुल निर्माण क्रमागत | १ करोड ७ लाख ३२ हजार |
| ६ | फूलवाती खोला पुल निर्माण क्रमागत | ६८ लाख |

| | | |
|---|---|---|
| ७ | बुदुम खोला पुल निर्माण नयाँ | १ करोड |
| ८ | हुँगा खोला पुल वारीपारी बाटो स्तरोन्नती | ३० लाख |
| ९ | गाउँपालिका प्रशासनिक भवन निर्माण | २ करोड ५० लाख |
| १० | वडा नं. १ को प्रशासनिक भवन निर्माण क्रमागत | १३ लाख २२ हजार |
| ११ | वडा नं. १ को प्रशासनिक भवन निर्माण क्रमागत ज़िसस श्रोत | २५ लाख |
| १२ | वडा नं. ३ को प्रशासनिक भवन निर्माण दायित्व भुक्तानी | ३७ लाख ९० हजार |
| १३ | डोन्का थेछोक गुम्बा निर्माण गापा अंश | २८ लाख |
| १४ | कोङखो खोला पुल IEE | ३ लाख |
| १५ | तितिलाघाट पुल IEE | ३ लाख |
| १६ | प्रशासनिक भवन IEE | ३ लाख |
| **जम्मा** | | **७ करोड २१ लाख ९४ हजार** |

अनुसुची २

वडा नं १ का योजना तथा कार्यक्रमहरुः

चालु तर्फ

| क्रसं | योजना तथा कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| १ | फोहोर व्यवस्थापन | २ लाख ३५ हजार |
| २ | हरित सडक निर्माण तथा सरसफाई कामदार ज्याला | ४ लाख ७५ हजार |
| ३ | सडक सरसफाई ईन्धन खरिद | १ लाख |
| ४, | नवजात शिसु स्वागत कार्यक्रम | ७५ हजार |
| ५ | मृत्युसंस्कार सहयोग | ५० हजार |
| ६ | सहयोगी सम्मान कार्यक्रम | ३ लाख |
| ७ | कार्यालय संचालन तथा विविध | १ लाख |
| ८ | नयाँ वडा कार्यालय व्यवस्थापन तथा उदघाटन | १ लाख ६५ हजार |
| | जम्मा चालु | १५ लाख |

पुंजीगत तर्फः

| | | |
|---|---|---|
| १ | मुयोङ खानेपानी साविक बुङ १ र २ एक घर एक धारा जि फाउन्डेसनसँग साझेदारी | २० लाख |
| | जम्मा पुंजीगत | २० लाख |

वडा नं २ का योजना तथा कार्यक्रमहरु

| क स | योजना तथा कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| १ | कार्यालय संचालन तथा विविध | २ लाख |
| २ | लक्षित तर्फ<br>• एकल महिला तथा विधुवा भ्रमण कार्यक्रम (लुम्बिनी) - ७००००० <br>• युवा परिषद कला साहित्य कार्यक्रम- ४०००० <br>• दलित -६०००० | ८ लाख |
| जम्मा चालु | | १० लाख |

| | | |
|---|---|---|
| पुँजीगत तर्फ | | |
| १ | हुलुमोउ खानेपानी योजना क्रमागत | १३ लाख |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र घेराबार | १२ लाख |
| | **जम्मा पुँजीगत** | **२५ लाख** |

**वडा नं ३ का योजना तथा कार्यक्रम**

| **क्र स** | **योजना तथा कार्यक्रमको नाम** | **बजेट** |
|---|---|---|
| चालु तर्फ | | |
| १ | कार्यलय संचालन तथा विविध | २ लाख |
| २ | लक्षित तर्फ<br>• जेष्ठ नागरिक सुरक्षा कार्यक्रम-३ लाख ५० हजार<br>• अपाङ्ग लक्षित कार्यक्रम-५० हजार<br>• महिला लक्षित कार्यक्रम-२ लाख ५० हजार<br>• वालवालिका लक्षित कार्यक्रम- ५० हजार<br>• दलित – १ लाख | ८ लाख |
| पुँजीगत तर्फ | | |
| १ | स्वास्थ्य चौकी छेस्काम भवन निर्माण एक्सन फर नेपालसँग साझेदारी | २५ लाख |
| | **जम्मा** | **३५ लाख** |

**वडा नं ४ का योजना तथा कार्यक्रम**

| क स | योजना तथा कार्यक्रमको नाम | विनियोजित वजेट |
|---|---|---|
| १ | कार्यालय संचालन तथा विविध | २ लाख |
| २ | लक्षित कार्यक्रम<br>• जेष्ठ नागरिक सँगको भलाकुसारी कार्यक्रम १,२५,००० <br>• महिला सशक्तिकरण कार्यक्रम १,००,०००<br>• दलित लक्षित कार्यक्रम २५०००<br>• बालबालिका लक्षित कार्यक्रम २५०००<br>• अपाङ्गता लक्षित कार्यक्रम २५००० | ३ लाख |
| **जम्मा चालु** | | **५ लाख** |
| पूँजीगत तर्फ | | |
| १ | श्री गुदेल मावि ढल व्यवस्थापन र डस्टबिन निर्माण | ३ लाख |
| २ | श्री शहिद स्मृति आवि खानेपनी तथा बारदली निर्माण | २ लाख |
| ३ | दोभेर्ला खानेपानी निर्माण क्रमागत | १० लाख |
| ४ | आधारभूत स्वास्थ्य केन्द्र तुमाउ ईन्सिनेटर निर्माण | ५ लाख |
| ५ | रंगशाला निर्माण क्रमागत | १० लाख |
| **जम्मा पूँजीगत** | | **३० लाख** |

**वडा नं ५ को योजना तथा कार्यक्रमहरुः**

| क स | योजना तथा कार्यक्रमको नाम | वजेट |
| --- | --- | --- |
| १ | कार्यालय संचालन तथा विविध | २ लाख |
| २ | लक्षित कार्यक्रम<br>• महिला समूहको लागि साबुन बनाउने मेशिन व्यवस्थापन | ८ लाख |
| ३ | वडा कार्यालय व्यवस्थापन | ८ लाख |
| ४ | मालपोत सम्बन्धी ढोर सेवा सञ्चालन | ५ लाख |
| **जम्मा चालु** | | **२३ लाख** |
| पूँजीगत तर्फ | | |
| १ | गुदेल स्वास्थ्य चौकी प्रयोगशाला निर्माण तथा व्यवस्थापन | ५ लाख |
| २ | सडक सुधार योजना | ७ लाख |
| **जम्मा पूँजीगत** | | **१२ लाख** |

## अनुसूची ३

**स्वास्थ्य शाखा**

| क्रस | कार्यक्रमको नाम | वजेट |
|---|---|---|
| १ | स्वास्थ्य विमा कार्यक्रम अन्तरक्रिया र अभिमुकरण | रु ५०००० |
| २ | राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वय सेविका कार्यक्रम | रु २६०००० |
| ३ | आमा सुरक्षा तथा नवजात शिशु व्यवस्थापन कार्यक्रम | रु ५००००० |
| ४ | ढुवानी | रु २००००० |
| ५ | महामारी रोग नियन्त्रण कार्यक्रम | रु १००००० |
| ६ | तालिम | रु ३००००० |
| ७ | औषधी खरिद | रु १८००००० |
| ८ | जनशक्ति व्यवस्थापन | रु १५०००००० |
| ९ | कार्यालय संचालन तथा व्यवस्थापन | रु.३५०००० |
| १० | नेत्र सहायक र अफिस सहायकको तलब भत्ता | रु.५००००० |
| | **जम्मा** | १,९०,६०,००० |

**शिक्षा शाखा**

| क्र.सं. | कार्यक्रम/योजनाको नाम | बजेट रु |
|---|---|---|
| १ | शहिद स्मृति आवि डेस्कटप खरिद तथा हस्तान्तरण | ११०००० |
| २ | गाउँपालिका अनुदानका शिक्षक तलब भत्ता अनुदान | १२१६९००० |
| ३ | बाल शिक्षक सहयोगी कार्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीको पारिश्रमिक थप अनुदान | ४२६९००० |
| ४ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा व्यवस्थापन (स्थानीय तथा जिल्ला खेलाडी छनौट सहित) | ८००००० |

| | | |
|---|---|---|
| ५ | वाल दिवसको अवसरमा नृत्य प्रतियोगिता १-५ कक्षा ६-८, हाजिरीजवाफ प्रतियोगिता कक्षा ९-१२, निवन्ध प्रतियोगिता (३ वटा माविलाई कार्यक्रम गर्न प्रति विद्यालयका लागि ८० हजारका दरले शैक्षिक क्यालेन्डरमा उल्लेख भएका विद्यालयहरुका लागि) | १८०००० |
| ६ | उत्कृष्ट विद्यालय शिक्षक कर्मचारी, बाल सहयोगी शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र विद्यार्थी शिक्षा पुरस्कार र कार्यक्रम संचालन (आधारभूत तह १-५ आधारभूत तह कक्षा-८ को नतिजाका आधारमा र मा.वि. SEE को नतिजाको आधारमा र विद्यालय व्यवस्थापनको आधारमा) | २५०००० |
| ७ | गाउँपालिका स्तरीय शिक्षक क्यालेन्डर छपाई तथा विद्यालयलाई निशुल्क वितरण | १८०००० |
| ८ | शिक्षा समिति, प्रधानाध्यपक बैठक, विद्यालय बार्षिक तथा अन्य सम्बन्धी अभिमुखिकरण, विषयगत शिक्षक छलफल तथा शैक्षिक कार्यक्रम संचालन खर्च | १५०००० |
| ९ | आधारभूत तह कक्षा ८ परिक्षा संचालन | २७५००० |
| | **जम्मा बजेट रु:** | **रु.१,८३,८३,०००** |

**कृषि शाखा**

| **क्र.सं.** | **कार्यक्रम/योजनाको नाम** | **बजेट रु** |
|---|---|---|
| १ | प्रस्तावमा आधारित तरकारी खेती प्रवर्द्धन कार्यक्रम | २,००,००० |
| २ | उत्पादनोपरान्त प्रविधि सम्बन्धि तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम | १,५०,००० |
| ३ | कृषि मेला प्रदर्शनी तथा कृषक पुरस्कृत कार्यक्रम | २,००,००० |
| ४ | किवी बगैचा स्थापना तथा ब्यवस्थापन सहयोग कार्यक्रम (५०% लागत साझेदारी) | ५,००,००० |
| ५ | चिया प्रशोधन मेसिन खरिद ५०% अनुदान | ४,००,००० |

| | | |
|---|---|---|
| ६ | टिमुर खेती विस्तार कार्यक्रम | १,००,००० |
| ७ | महाकुलुङ एग्रोभेट संचालन समान खरिद,उत्पादनको वजारीकरण तथा कर्मचारी तलब व्यवस्थापन कार्यक्रम | ८,००,००० |
| ८ | कृषक पाठशाला संचालन तथा प्रविधी हस्तान्तरण कार्यक्रम | २,००,००० |
| ९ | कृषि वाली संरक्षण तथा रोगकिरा व्यवस्थापन कार्यक्रम | २,००,००० |
| १० | साना कृषि मेसिनरी औजार ५०% अनुदानमा वितरण कार्यक्रम | १०,००,००० |
| ११ | कृषि तथ्याङ्क संकलन कार्यक्रम | ५०,००० |
| १२ | ढुवानी खर्च | १,००,००० |
| | **जम्मा बजेट रुः** | **रु.३९,००,०००** |

**पशुपन्छी सेवा शाखा**

| क्र.सं. | विवरण | बजेट | कैंफियत |
|---|---|---|---|
| १ | रेबिज खोप तथा सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम | १,००,०००/- | |
| २ | हिउदे जै घाँस ढुवानी तथा वितरण कार्यक्रम | १,००,०००/- | |
| ३ | ५०% अनुदानमा उन्नत जातको गाई ढुवानी तथा वितरण कार्यक्रम | १५,००,०००/- | |
| ४ | डिप फ्रिज, ड्रेसिङ्ग टेबल खरिद तथा ढुवानी | १,५०,०००/- | |
| ५ | पशुपन्छी स्वास्थ्य व्यवस्थापनको लागि औषधि, खोप र अन्य सामाग्री खरिद तथा ढुवानी | १०,००,०००/- | |
| | **प्रस्तावित कुल बजेट जम्मा रु.** | **२८,५०,०००/-** | |

**महिला तथा वालवालिका शाखा**

| **क्र.सं.** | **कार्यक्रम** | **रकम** |
|---|---|---|
| १ | अन्तर्राष्ट्रिय महिला दिवस | १०००००/ |
| २ | लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण | १०००००/ |
| ३ | अपाङ्गता रोकथाम कार्यक्रम | ११,७१०००/ |
| | **जम्मा** | **१३,७१०००/-** |

न्यायिक समिति

| क्र.स. | कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| १ | न्यायिक समिति संचालन तथा व्यवस्थापन खर्च | ५ लाख |
| २ | वडाहरुमा मेलमिलाप केन्द्र स्थापना र मेलमिलाकर्ताको पारिश्रमिक | २ लाख |

महाकुलुङ गाउँकार्यपालिकाको कार्यालय

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेट |
|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २०३००००० |
| २ | कर्मचारी चाडवाड खर्च | १४३७००० |
| ३ | पोशाक | ५५५००० |
| ४ | स्थानीय भत्ता | ३६००००० |
| ५ | महंगी भत्ता | ८८८००० |
| ७ | कर्मचारीको बैठक भत्ता | १००००० |
| ८ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २००००० |
| ९ | परीक्षा संचालन तथा अन्य भत्ता | ३००००० |
| १० | पदाधिकारी बैठक भत्ता | १५००००० |
| ११ | पदाधिकारीअन्य सुबिधा | ४६७२००० |
| १२ | पानी तथा बिजुली | २००००० |
| १३ | संचार महसुल इन्टरनेट सहित | १५००००० |
| १४ | इन्धन (पदाधिकारी) | ६००००० |
| १५ | इन्धन (कार्यालय प्रयोजन) | ८००००० |
| १६ | सवारी साधन मर्मत खर्च | १६००००० |
| १७ | बिमा तथा नवीकरण खर्च | २००००० |
| १८ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २००००० |
| १९ | मसलन्द तथा कार्यालय सामाग्री | ३०००००० |

| | | |
|---|---|---|
| २० | पुस्तक तथा सामग्री खर्च | १००००० |
| २१ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०००००० |
| २२ | परामर्श सेवा | ३००००० |
| २३ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २००००० |
| २४ | कार्यालय सहयोगी, सवारी चालक र अमिनको तलव भत्ता, चाडबाड तथा पोशाक सहित को तलव भत्ता | ४५००००० |
| २५ | एक गाउँ एक प्राविधिकको अपुग तलव | ७९८००० |
| २६ | एम आइ एस र फिल्ड सहायकको अपुग तलव | ४३०००० |
| २७ | सूचना अधिकृतको अपुग तलव | १४५००० |
| २८ | कर्मचारी तालिम खर्च /क्षमता विकास | ३००००० |
| ३० | योजना अभिमुखिकरण कार्यक्रम घुम्ती शिविर संचालन | ३००००० |
| ३१ | अनुगमन, मूल्यांकन खर्च | १००००० |
| ३२ | भ्रमण खर्च | ३५००००० |
| ३३ | विविध खर्च | २५००००० |
| ३४ | सभा सञ्चालन खर्च | ३००००० |
| ३६ | घरभाडा | २०००००० |
| ३७ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५००००० |
| ३८ | मेसिनरी औजार (ल्यापटप तथा प्रिन्टर खरिद) | ८००००० |
| ३९ | फर्निचर तथा फिक्चर्स | ७००००० |
| | **जम्मा** | **६०१२५०००** |

## अनुसूची ४

गैर सरकारी संघ, संस्थाहरुले यस गाउँपालिकामा आर्थिक वर्ष २०८१/८२ को लागि पेश गरेको बजेटः

**ग्रामिण शिक्षा तथा वातावरण विकास केन्द्र(REED NEPAL)**

| क्र.सं. | कार्यक्रमको नाम | अनुमानित बजेट |
|---|---|---|
| १ | स्थानीय स्तरमा कार्यक्रम प्रस्तुतिकरण | ३५,००० |
| २ | शिक्षकको क्षमता अभिवृद्धि कार्यक्रम | ३,७०,००० |
| ३ | विद्यालयमा सुशासन अभिवृद्धि तथा सेवा प्रवाह कार्यक्रम | १,१०,२०९ |
| ४ | शैक्षणिक सुधारको लागि अभिभावक सहभागिता कार्यक्रम तथा समिक्षा गोष्ठी | २०,८१७ |
| ५ | विद्यालयमा बालमैत्री तथा सुरक्षित शैक्षिक वातावरण निर्माण | २,७०,०४५ |
| ६ | बालिका तथा अपाङ्गता भएका बालबालिकोको लागि समावेशी शिक्षा कार्यक्रम | २,८०,२५६ |
| ८ | अनुगमन तथा मूल्याङ्कन कार्यक्रम | १,०६,३५७ |
| | **जम्मा कार्यक्रम बजेट** | **११,९२,७३१** |
| ९ | प्रशासनिक खर्च | १,१८,२२९ |
| १० | मानव स्रोत संसाधन विकास | १२,७३,९२६ |
| | **कुल जम्मा बजेट** | **२५,८४,८८५** |

**KHIRAULE EDUCATION AND HEALTH PROJECT, BARBONDALE COTTAGE, BARBON, LA6,2LS, UK.**

| सि.नं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट (रु.) | कार्यान्वयन हुने वडा/बस्ती | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| १ | शिक्षक तलव | ११,६४,९३० | खिरौले आधारभूत विद्यालय | विद्यालय |
| २ | शैक्षिक सामाग्री | १,०५,००० | खिरौले आधारभूत विद्यालय | विद्यालय |

| | | | | |
|---|---|---|---|---|
| ३ | होस्टेल/सामुदायिक भवन | ५५,००,००० | खिरौले आधारभूत विद्यालय | विद्यालय |
| ४ | फलामे पुल | १०,००,००० | खिरौले गाउँ | समग्र गाउँ |
| | कुल जम्मा | ७७,६९,९३० | | |

**HIMALAYAN TRUST NEPAL**

| S.No. | Sector | Activity | Beneficiary | Budget |
|---|---|---|---|---|
| 1 | Education | Plus two scholarship to 2 students of Sagarmatha school Bung(Grade 11 & 12) | Students and Parents | 240,000 |
| | | Bachelor level scholarship for 2 students | Students and Parents | 168,000 |
| | | Scholarship to study HA for 1 student | Students and Parents | 120,000 |
| 2 | Education | Literacy through integrated learning (LIL) programme in 11 schools (Grade 1-3 teacher training, classroom monitoring and support to teachers, ECED teacher training, stationery support) | Schools, students, teachers & parents | 42,22,017 |
| 3 | Education | Teaching materials support to Ssagarmatha, and pelmang school | Schools, students, teachers & parents | 90,000 |
| 4 | Health | Medicines support to Sir Edmund Hillary Memorial Clinic, Bung | Clinic staff, patients and community | 100,000 |
| 5 | Livelihood | Solar project in Chereme and Gaikharka village | Community of Chereme and Gaikharka | 12,28,820 |
| | | **Total** | | 61,68,837 |

**ACTION FOR NEPAL**

*Solukhumbu Women's Health Project*

| Activity Code | Activity | Budget |
|---|---|---|
| 1.1 | Conduct initial meeting at the central level to brief about the project. After the completion of project, conduct another meeting with the central level to share the project outcomes. | 17567 |
| 1.2 | Conduct meeting with the district representatives and RM to inform about our work and to discuss and get their feedback. | 20000 |
| 1.3 | Conduct regular six monthly meetings with the Rural Municipality | 67767 |
| 1.6 | Conduct followup training for the HFOMC in Tingla and half yearly meeting with HFOMC at Taksindo | 28000 |
| 2.1 | Assess staffing gaps in the health centre and skill gaps of the health workers based on MSS requirements. | 6933 |
| 2.3 | Conduct training for the health workers as per the capacity strengthening plan | 62500 |
| 2.6 | Conduct yearly review with the FCHVs each year | 34667 |
| 2.8 | Provide funding for staff salary fund for a maximum of one staff per ward | 76717 |
| 3.4 | Conduct UP camp in Waku and Chheskam, | 10000 |
| 5.1 | Annual Project Review | 15000 |
| 5.2 | Recruit Field officer | 4000 |
| 5.3 | Initiate process for the SWC approval immediately after signing the project agreement with AHF. | 68000 |
| 5.4 | COVID 19 safety precautions such as using mask, hand sanitisers/handwashing and maintaining social distancing is maintained throughout the project period. | 3333 |
| 5.5 | Complete project handover to the local community during the Q4 of the final year of the project. | 93785 |
| 5.6 | M& E staff /consultant / recruitment process and hiring | 237708 |
| 5.8 | Quarterly monitoring conducted to ensure accuracy and effectiveness. | 85031 |
| | **Total Activity Cost** | **831007** |
| | **Tele health Project** | |

| Activity Code | Activity | Budget |
|---|---|---|
| 1.7 | Follow-up Training for Tele-health | 30000 |
| 1.8 | Procure medical equipment and supplies | 200000 |

| | | |
|---|---|---|
| 5.1 | Annual Project Review | 20000 |
| TMC | Travel and Monitoring Cost | 41600 |
| | Total Activity Cost | 291600 |

## इको हिमाल नेपाल

| सि.नं. | योजना तथा कार्यक्रमहरु | बजेट | कार्यान्वयन हुने वडा | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| १ | स्थानीय स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधीहरु उपलब्ध गराउने | १५४,१८६ | सबै वडा (स्वास्थ्य संस्था मार्फत) | ११,४५२ |
| २ | स्थानीय स्वास्थ्य संस्थाहरुमा आवश्यक आधारभूत स्वास्थ्य सामाग्रीहरु उपलब्ध गराउने | १३६,४९५ | सबै वडा (स्वास्थ्य संस्था मार्फत) | ११,४५२ |
| ३ | स्थानीय स्वास्थ्य प्रदायक संस्थाका स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि | ७४,६३४ | सबै वडा (स्वास्थ्य संस्था मार्फत) | ११,४५२ |
| ४ | स्वास्थ्य संस्थाहरुमा फोहोर व्यावस्थापन संरचनाहरु निर्माण र प्रयोग | ३७,१०० | सबै वडा (स्वास्थ्य संस्था मार्फत) | ११,४५२ |
| ५ | खिराउले श्रोत केन्द्र लगायत ५ वटा स्याटेलाईट नर्सरीलाई प्राविधिक सहयोग -हिउँदे र वर्खे बीउ र बिरुवाको खरिद, ढुवानी र वृक्षारोपण | ५८५,०००.०० | | |
| ६ | श्रोत केन्द्रमा रहेको भैसीको स्यारसुसार र यसको उत्पादनलाई खानपान, हेरचाह र मल व्यवस्थापन | १००,०००.०० | | |
| ७ | माध्यमिक र निम्न माध्यमिक विद्यालयहरुमा खानेपानि र सरसफाई विद्यालयहरुमा आवश्यकता पहिचान, शौचालयहरु मर्मतसम्भार (लैङ्गिकमैत्रि वनाउने), फोहोरमैला व्यवस्थापन खाडल, खानेपानि संरचनाहरु मर्मतसम्भार र खानेपानी treatment system सहित ( स्थानिय सरकारसगँको साझेदारीमा), सरसफाई संबन्धि जनचेतना अभियान कार्यक्रमहरु, विद्यालयहरुमा WASH समिति गठन र क्षमता अभिवृद्धि, WASH योजना निर्माण र कार्यान्वयन | १,४३८,०९० | | |
| ८ | किशोरकिशोरी यौन तथा प्रजंनन स्वास्थ्य, किशोरी समुह गठन र शसक्तिकरण, किशोरवस्थाका विधार्थिलाई यौन तथा प्रजनन स्वास्थ्य संवन्धि शिक्षा, यौन तथा प्रजनन स्वास्थ्यका मापनहरुमा जनचेतना अभिवृद्धि, फोकल शिक्षिकाहरुलाई क्षमता अभिवृद्धि तालिम, किशोरी समुहहरुको नेटर्वक गठन र परिचालन, आध्यावधिक MEET र SUMMIT आयोजना र यौन तथा प्रजनन स्वास्थ्य संबन्धि समुदाय स्तरमा अन्तरक्रिया कार्यक्रम | ६४८,००० | | |
| ९ | किशोरी आरमकक्ष स्थापना (आवश्यक सामग्रीहरु व्यवस्थापन, स्यानेटरी किट, शिक्षामुलक र जानकारीमुलक शन्देश लेखन र प्रर्दशनी) | ८०९,००० | | |

| | | | | |
|---|---|---|---|---|
| १० | गुणस्तरिय शिक्षाका लागि स्वआर्जित कार्यक्रम सञ्चालन<br>छात्रवृति व्यवस्थापन समिति गठन, कोषको स्थापना र बढवा, छात्रवृत्ति निर्देशिका निर्माण र सोहि अनुरुप छात्रवृति वितरण,विद्यार्थी छनौट र छात्रवृत्ति प्रदान, कोषको उपयोगमा अनुगमन संरचनाको विकास र नियमित अनुगमन, कोषको उपयोगमा अनुगमन संरचनाको विकास र नियमित अनुगमन, छात्रवृत्ति कोषको लगानी भएको रकम यथा समयमा असुली र पुःन वितरणका साथै छात्रवृत्ति कोषको मूल्याङ्कन र आवश्यक परिमार्जन, बढावा र विस्तार | २९०,००० | | |
| ११ | स्यानेटरी किटस् उत्पादन र वितरण | १८९,००० | | |
| १२ | फोकल शिक्षिकाहरुको यौन तथा प्रजनन स्वास्थ्यमा क्षमता अभिवृद्धि, श्रोत व्यक्तिको रुपमा सहजिकरण र किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य नियमित सिकाईमा समावेश (पाठ्यक्रम) | २३७,००० | | |
| १३ | यौन तथा प्रजनन स्वास्थ्यमा क्षमता अभिवृद्धि र स्थानिय किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य निति तजुर्मा र कार्यान्वयन | १६४,००० | | |
| १४ | शिक्षकशिक्षिकाहरु, आमाहरु र बालबालिकाहरुको पोषण र स्वास्थ्यमा ज्ञान र सिपका विकास | ८२९,००० | | |
| | जम्मा | ५४९१५०५ | | |

जी फाउन्डेसन

| क्र.सं. | परियोजनाको नाम | बजेट |
|---|---|---|
| साना सामुदायिक पुर्वाधारहरु | | |
| १ | गरिबी तथा असमानता निवारणका लागि साना सामुदायिक पूर्वाधारहरु | ६५,००,०००। |
| कृषि | | |
| १ | गरिबी तथा असमानता निवारणका लागि कृषि सम्बन्धि विविध तालिम, प्राविधिक सहयोग, सिकाई आदानप्रदान आदि । | २८,०८०००। |
| | जम्मा | ९३,०८०००। |